सुनछहरी गाउँपालिका

# सुनछहरी गाउपालिकाको विनियोजन ऐन-२०७५

# सुनछहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पोबाङ रोल्पा

## ५ नं प्रदेश, नेपाल

गाउँसभा बाट पारित मिति: २०७५/०३/३०

सुनछहरी गाउँपालिका

सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा , ०५-५ नंप्रदेशनेपाल .
कार्यालयको फोन नं . ९७५८५०३६५३ Website:www.sunchhaharimun.gov.np Email :sunchhaharimun@gmail.com

# सुनछहरी गाउपालिकाको विनियोजन ऐन-२०७५

**गाउँसभा बाट पारित मिति: २०७५/०३/३०**

सुनछहरी गाउपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

**प्रस्तावनाः**

सुनछहरी गाउपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि संचित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले , नेपालको संविधान धारा २२९ को उपधारा (२) वमोजिम सुनछहरी गाउ सभाले यो ऐन वनाएको छ।

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम सुनछहरी गाउपालिकाको विनियोजन ऐन २०७५ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७५ को लागि संञ्चित कोषवाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७५/२०७६ को लागि गाउकार्यपालिका , वडा समिति , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि अनुसुची १ मा उल्लेखित चालु खर्च , पुजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २५, ५७, ०८०००।- ( अक्षेरुपी पच्चिस करोड सन्ताउन्न लाख आठ हजार रुपिया मात्र)) नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिने छ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/२०७६ को लागि सुनछहरी गाउपालिकाको गाउ कार्यपालिका , वडा समिती र विषयगत शाखाले गर्ने सेवार कार्यहरुको लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भएता पनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउकार्यपालिकाले वचत हुने शीर्षकमा रकम सार्न सकिनेछ। यसरी सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मा नवढनेगरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्चमा विनियोजित रकम चालु खर्च शीर्षक तर्फ सार्न सकिने छैन। तर चालु तथा पुँजिगत खर्च व्यहोर्ने एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखीएको भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा शीर्षकहरुमा रकम सार्न परेमा गाउ सभाको स्वीकृती लिनु पर्नेछ।


*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा, ०५-५ नंप्रदेशनेपाल .*
*कार्यालयको फोन नं*. ९७५८५०३६५३ *Website*:www.sunchhaharimun.gov.np *Email* :sunchhaharimun@gmail.com

# अनुसुची -१

(दफा २ संग सम्वन्धित )

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

रु हजारमा

| क्र. स | संघवाट प्राप्त | | | प्रदेशवाट प्राप्त | | | गत अल्या | आन्तरीक आय | वहुक्षेत्रिय पोषण | सामाजिक सुरक्षा कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान | सर्शत अनुदान | राजश्व वाँडफाँड | वित्तिय समानीकरण अनुदान | सर्शत अनुदान | राजश्व वाँडफाड | | | | | |
| २ | ६७००० | ७४८०० | ६०२२६ | ४०६५ | ९६०० | २५५३ | ७५०० | २१०० | १३६१ | ३२८०३ | २५५७०८ |

प्रमाणीकरण मिति २०७५/०३/३० गते

**गाउँसभा बाट पारित मिति: २०७५/०३/३०**



सुनछहरी गाउँपालिका